।।श्री।।

# सुनसरी जिल्ला अदालत

ईनरुवा, सुनसरी

प्रशासन

फोन नं. ०२५-५६०१९४

Email-info.dcsunsari@dcourt.go

प.स. ०७६/०७७

च.नं. 46८20

मितिः- २०७७/०२/३२

विषयः- जानकारी सम्वन्धमा ।

श्री उच्च अदालत विराटनगर

उपरोक्त सम्वन्धमा मिति २०७७/०२/३० गते शुक्रवारका दिन यस अदालतका माननिय जिल्ला न्यायाधीश श्री अर्जुन प्रसाद कोईरालाज्युको अध्यक्षतामा वार एकाई सुनसरी, जिल्ला सरकारी वकिल कार्यालय सुनसरी र यस अदालत बिच छलफल भई देहायका कार्यहरू मिति २०७७/३/१ गतेवाट संचालन हुने भनि निर्णय भएको ब्यहोरा अनुरोध छ।

नगेन्द्रकुमारी पोखरेल

स्रेस्तेदार (उप सचिव)

देहाय

| सि.नं. | संचालन हुने कार्यहरु |
|---|---|
| १ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको रकम लिई कैदवाट छोडीपाउँ दिने निवेदन । |
| २ | बन्दीप्रत्यक्षीकरण निवेदन दर्ता सुनुवाई। |
| ३ | सरकारवादी हुने अभियोगपत्र,थुनछेक आदेश,पक्राउपूर्जी अनुमती र जरुरी पक्राउ पुर्जीको समर्थन,र म्याद थप । |
| ४ | सजाय निर्धारणको सुनुवाई । |
| ५ | देवानी प्रकृतिका मुद्दाको मिलापत्र,मुद्दा फिर्ता सम्वन्धी डिसमिस गर्ने र तामेली राख्ने कार्य । |
| ६ | नावालक अभिभाबकको जिम्मा लगाई पाउँ भन्ने सम्बन्धमा निवेदन। |
| ७ | फैसला अनुसारको लगत राख्ने र कैद लगत दिने र कैद हद गर्ने सम्वन्धीको कार्य। |
| ८ | विशेष प्रकृतिका निवेदन प्रत्येक दिन बिषयगत रुपमा २/२ वटाका दरले गर्ने सम्वन्धी कार्य। |
| ९ | थुनामा रहेका प्रतिवादीलाई अर्को सारकारवादी फौजदारी मुद्दामा प्रतिवादी रहेकोमा झिकाई बयान तथा थुनछेकको कारवाही गर्ने। |
| १० | घरेलु हिंसा (कसुर र सजा) ऐन २०६६ को दफा ५ को उपदफा (२) बमोजिम आउने निवेदन दर्ता र तत्कालिन कारवाही। |
| ११ | धरौटी पिर्ता पाउँ भन्ने निवेदन लिने र आवस्यक कारवाही गर्ने । |
| १२ | अभियोग पत्रसाथ पेश भएका दशीका सामानहरु फिर्ता दिने । |
| १३ | अदालतको प्रशासनिक एवं मुद्दा फाँटको आन्तरिक कार्य समेत। |